# बेदकोट नगरपालिकाको
# राजपत्र

७ नं. प्रदेश, कञ्चनपुर, २०७४ साल कार्तिक१ गते खण्ड १, संख्या: ११

भाग-२

## बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका, २०७४

## बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका, २०७४

(नगर कार्यपालिकाबाट पारित मिति २०७४।४।१९)

**प्रस्तावना :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व स्थानीय निकायको हुने कुरा उल्लेख गरेको छ । अतः नगरपालिका क्षेत्रभित्रको फोहरमैलालाई स्रोतमा न्यूनिकरण, पुनः प्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको व्यवस्थित तथा प्रभावकारी व्यवस्थापन गर्न तथा फोहरमैलाबाट जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्नका लागि बेदकोट नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक घर, पसल, होटल तथा रेष्टुरेण्ट, व्यवसायिक तथा औद्योगिक प्रतिष्ठन, शिक्षण संस्था, निजी तथा गैरसरकारी संस्था, कार्यालय, बैंक तथा वित्तिय संस्था, धार्मिक स्थल, सार्वजनिक स्थल आदिबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाई फोहरमैला संकलन, ढुवानी तथा अन्तिम बिसर्जन गरी सडक तथा सार्वजनिक स्थल, चोक, गल्ली, खुला क्षेत्र, उद्यान, नदी र नदी किनार आदिको फोहरमैला व्यवस्थापन कार्यमा सुधार ल्याउन फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ को उपदफा २ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरी बेदकोट

बेदकोट नगरपालिका

नगरपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका २०७४ तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद - १
## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ :**

१. यस निर्देशिकाको नाम “बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका-२०७४” रहनेछ ।

२. यो निर्देशिका बेदकोट नगरपरिषद्ले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२.परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “निर्देशिका” भन्नाले बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन निर्देशिका-२०७४ बुझ्नुपर्छ ।

(ख) “नगरपालिका” भन्नाले बेदकोट नगरपालिका बुझ्नुपर्छ ।

(ग) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बुझ्नुपर्छ।

(घ) “नियमाली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बुझ्नुपर्छ ।

(ङ) “स्थानीय निकाय” भन्नाले जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका बुझ्नुपर्छ ।

(च) “कोष” भन्नाले बेदकोट नगरपालिकाद्धारा स्थापित वातावरणीय व्यवस्थापन विशेष कोष बुझ्नुपर्दछ ।

(छ) “साझेदार” भन्नाले बेदकोट नगरपालिकाद्धारा फोहरमैला व्यवस्थापन गर्न स्थापित कोषमा साझेदारी गर्ने अन्य जुनसुकै निकायलाई बुझ्नु पर्नेछ ।

(ज) “औद्योगिक फोहरमैला” भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदुषण युक्त फोहरमैला सम्झनु पर्दछ ।

(झ) “औद्योगिक प्रतिष्ठान” भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी, उद्योग, फर्म वा अन्य कुनै निकाय सम्झनु पर्छ ।

(ञ) “कन्टेनर” भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको कुनै वस्तु सम्झनु पर्छ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउनेछ ।

(ट) “ढुवानी” भन्नाले संकलित फोहरमैला उत्पादन स्थलबाट संकलन केन्द्र र संकलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थल वा स्थानीय निकायले तोकेको स्थानसम्म लैजाने कार्य सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

बेदकोट नगरपालिका

(ड) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कमगर्ने कार्य सम्झनु पर्छ ।

(ढ) "निष्कासन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट स्थानीय निकायले तोकेका स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(ण) "प्रदुषण" भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्‍याउने वा वातावरणको लाभदायी वा उपभोगी प्रयोजनमा हानी नोक्सानी पुर्‍याउने क्रियाकलाप सम्झनु पर्छ ।

(त) "प्रभावित क्षेत्र" भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

(थ) "प्रशोधन" भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका गरी फोहरमैलको व्यवस्थापन गर्ने कार्य सम्झनु पर्छ ।

(द) "प्रशोधन स्थल" भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

(ध) "पुनः चक्रीय प्रयोग" भन्नाले प्रविधिको प्रयोगद्धारा संकलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपायेगी वस्तुको रुपमा विकास गरी पुनः प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(न) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाइ जनाउनेछ ।

(प) "फोहरमैला व्यवस्थापन स्थल(स्यानिटरी ल्याण्डफिल्ड साइट)" भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नको लागि स्थानीय निकायले तोकेको स्थल सम्झनु पर्छ ।

(फ) "फोहरमैला संकलन" भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट उप्काई संकलन गर्ने कार्य सम्झनु पर्छ ।

(ब) "फोहरमैला संकलन तथा ढुवानी साधन" भन्नाले फोहरमैला संकलन तथा ढुवानी गर्ने प्रयोजनका लागि प्रयोग गरिने साधन, उपकरण वा औजार सम्झनु पर्छ ।

(भ) "बन्द पश्चात व्यवस्थापन (पोस्ट क्लोजर म्यानेजमेन्ट)" भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

(म) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकुल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(य) "विसर्जन" भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(र) "संकलन केन्द्र" भन्नाले घर घरबाट निस्केको फोहरमैला संकलन गरी निर्धारित समयसम्म फाल्न, राख्न वा थुपार्न स्थानीय निकायले तोकेको स्थान सम्झनुपर्छ र सो शब्दले घरघरमा फोहरमैला संकलन गर्न आउने स्थानीय निकायले तोकेको फोहरमैला संकलन वा फोहरमैला संकलन गने साधन समेतलाई जनाउनेछ ।

(ल) "सामुदायिक संस्था" भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले सामुदायको हितका निम्ति प्रचलित कानून बमोजिम स्थापित समुदायमा आधारित सहभागिता मूलक उपभोक्ता समुह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्छ ।

(व) "स्थानान्तरण केन्द्र" भन्नाले संकलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल्ड साइट) मा लैजानु अघि फोहरमैला संकलनको लागि स्थानीय निकायले तोकेको स्थान सम्झनु पर्छ ।

(श) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले क्लिनिक, फार्मेसी, औषधी, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ष) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानी नोक्सानी पुर्‍याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

## ३. निर्देशिकाको उद्देश्य :

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :

१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ तथा फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली, २०७० ले नगरपालिकालाई फोहरमैला व्यवस्थापनका लागि दिएका अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुर्‍याउने ।

२. फोहरमैला व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वय र समझदारी कायम गर्दै सहभागितात्मक योजना तर्जुमा गर्न सहयोग गर्ने ।

३. बेदकोट नगरपालिका क्षेत्रमा रहेका विभिन्न संघ संस्था, छिमेकी स्थानीय निकाय र अन्य सामाजिक संघसंस्थाहरुसँग समन्वय गरी फोहरमैला व्यवस्थापन एवं सरसफाईका लागि चेतनामूलक कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।

बेदकोट नगरपालिका

४. वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन एवं सरसफाईका लागि चेतनामूलक कार्यक्रम संचालन गर्न सहयोग गर्ने ।

५. फोहरमैला व्यवस्थापनका क्षेत्रमा क्रियाशील साझेदार संस्थाहरुका कार्यमा आवश्यक सहयोग पुर्‍याउने ।

६. फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्थाहरुसँग समन्वय कायम गर्न मद्दत गर्ने ।

७. फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्था जस्ता सहकार्य र साझेदारी प्रबर्द्धन गर्ने ।

८. फोहरमैला व्यवस्थापन कार्यको सहभागितामूलक अनुगमन मूल्यांकन गर्ने आधार प्रदान गर्ने ।

**४. सम्पर्क शाखा :**

बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापनको कार्यको सम्पर्क शाखाको रुपमा वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाले कार्य गर्नेछ ।

**५. निर्णय गर्न सक्ने**

व्यवस्थापन समितिको सिफारिसका आधारमा नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापनको कार्य निजी क्षेत्रलाई जिम्मा दिने, पूर्ण रुपमा समुदायको जिम्मा दिने, संयुक्त कोष स्थापना गरी संचालन र व्यवस्थापन गर्ने, आंशिक रुपमा कुनै कार्य मात्र कुनै निकायलाई जिम्मा दिने जस्ता व्यवस्थापनका जुनसुकै उपायहरु अवलम्बन गर्ने निर्णयगरी कार्यान्वयन गर्न सक्नेछ ।

**६. सेवा शुल्क लिने :**

१. बेदकोट नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

२. यसरी सेवा शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ ।

३. यसरी उठाइने शुल्क सम्बन्धित बेदकोट नगरपालिका आफैले वा उसले तोकेको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ ।

४. नगरपालिकाबाट फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिकासँग भएको सहमतीको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ ।

५. फोहरमैला व्यवस्थापन शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी बेदकोट वातावरणीय व्यवस्थापन विशेष कोषमा आम्दानी बाँधी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

**७. सेवा निलम्बन वा अन्त्य गर्न सक्ने :**

बेदकोट नगरपालिका

१. बेदकोट नगरपालिकाले निर्धारण गरेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

२. फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले निर्धारित सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी बेदकोट नगरपालिकालाई दिनु पर्नेछ ।

३. सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ ।

४. सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद - २

## व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

**८. <u>व्यवस्थापन समितिको गठन :</u>**

क) फोहरमैला व्यवस्थापन कार्यमा आवश्यक नीति निर्माण, कार्यान्वयन र अनुगमन मुल्याङ्कन समेतको लागि देहाय अनुसारको एक व्यवस्थापन समिति गठन गरिनेछ ।

१. नगर प्रमुख — अध्यक्ष
२. नगरपालिकाले मनोनयन गरेको कम्तिमा १ महिला सहित२जना नगरपालिकाका बोर्ड सदस्यहरु सदस्य
३. नगरपालिकाका कार्यकारी अधिकृत — सदस्य
४. वडा नागरिक मञ्चका संयोजक मध्ये नगरपालिकाबाटछनौट भएका १ महिला सहित २ जना — सदस्य
५. प्रतिनिधि बेदकोट उद्योग वाणिज्य संघ — सदस्य
६. प्रतिनिधि बेदकोट होटल व्यवसायी संघ — सदस्य
७. प्रतिनिधि जिल्ला प्रशासन कार्यालय — सदस्य
८. प्रतिनिधि खानेपानी तथा सरसफाई सब डिभिजन कार्यालय — सदस्य
९. फोहरमैला व्यवस्थापनका लागि स्थापित ल्याण्ड फिल्डसाइटको प्रभावित क्षेत्रका बासिन्दाहरु मध्ये समितिलेतोकेका कम्तिमा १ महिला सहित २ जना — सदस्य
१०. फोहर संकलन गरिने क्षेत्रका बासिन्दा मध्ये समितिले तोकेका कम्तिमा १ महिला सहित २ जना सदस्य
११. नगरपालिकाका वातावरण तथा फोहरमैला व्यवस्थापन शाखा प्रमुख — सदस्य–सचिव

नगरपालिकामा जनप्रतिनिधिहरु नरहेको अवस्थामा व्यवस्थापन समितिको अध्यक्षता नगरपालिकाका कार्यकारी अधिकृतले गर्नेछन् । साथै यो समिति स्थापना नहुन्जेल सम्मका लागि नगरपालिकाले नै फोहरमैला व्यवस्थापन सम्बन्धि सम्पूर्ण कार्य गर्नेछ ।

ख) व्यवस्थापन समितिको बैठक सामान्यतया ३ महिनामा एकपटक बस्नेछ । तर आवश्यकता महसुस भएमा जुनसुकै बेला पनि बोलाउन सकिनेछ ।

ग) बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ।

घ) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्या कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ । बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नु पर्नेछ ।

**९. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :</u>**

व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

बेदकोट नगरपालिका

क) फोहरमैला व्यवस्थापन कार्यका लागि आवधिक तथा बार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने ।

ख) फोहरमैला व्यवस्थापन कार्यका लागि चेतनामूलक कार्यक्रम तथा तालिमहरु संचालन गर्ने ।

ग) वातावरण संरक्षण ऐन र नियमले दिएका अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

घ) नगरपालिका क्षेत्रलाई पूर्ण सरसफाई युक्त क्षेत्र बनाउन पहल गर्ने ।

ङ) फोहरलाई श्रोतमै तथा व्यवस्थापन केन्द्रमा समेत वर्गीकरण गर्ने व्यवस्था मिलाउने ।

च) वर्गीकृत फोहर मध्ये अर्ग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्राकृतिक फोहरलाई 3R (Reduce, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

छ) फोहर व्यवस्थापनमा क्रमशः स्यानिटरी ल्याण्डफिल्डकमो अवधारणा अनुसार कार्य गर्ने ।

ज) ल्याण्डफिल्ड साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल्ड साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

झ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक कार्य गर्ने ।

ञ) ल्याण्डफिल्ड साइट लगायतका क्षेत्रहरुको सरसफाईमा विशेष ध्यान दिने ।

ट) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

ठ) ल्याण्डफिल्ड साइटको प्रभावित क्षेत्र पहिचान गरी त्यहाँका बासिन्दाहरुको लागि विशेष कार्यक्रम संचालन गर्ने ।

ड) ल्याण्डफिल्ड साइटलाई प्रदुषणशुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

ढ) जैविक फोहरबाट कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

ण) फोहर व्यवस्थापनलाई पर्यटन प्रबर्द्धनको माध्यम बनाउन आवश्यक कार्यहरु गर्ने ।

त) सोझै ल्याण्डफिल्डसम्म ल्याउन कठिनाई हुने र लागत बढी हुने भएमा फोहरको अस्थायी व्यवस्थापनका लागि ट्रान्सफर स्टेसनको व्यवस्था गर्ने ।

थ) फोहरबाट बायोग्याँस जस्ता बैकल्पिक उर्जा उत्पादन गर्ने तर्फ आवश्यक पहल र व्यवस्था गर्ने ।

द) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरणका लागि आवश्यक व्यवस्था मिलाउने ।

ध) फोहर संकलन र व्यवस्थापनको प्रभाव क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने ।

न) फोहरमैला व्यवस्थापनमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्ने ।

प) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन बिषयगत समितिको गठन गर्ने ।

**१०. उपसमिति वा कार्यदल गठन गर्न सक्ने**

१. समितिले फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन, कार्य सुचारु रुपले सम्पादन गर्नका लागि आवश्यकता अनुसार बिषयसँग सम्बन्धित विशेषज्ञ, नगरपालिका कार्यालयका विभिन्न शाखाका प्रमुख, प्रभावित क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, फोहरमैला व्यवस्थापन सेवा क्षेत्रका टोल विकास संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य संघ, वडा नागरिक मन्चका प्रतिनिधि समेत रहेको बढीमा ७ सदस्यीय उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

२.　बुँदा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क)　फोहरमैला व्यवस्थापनमा जनसहभागिता जुटाउन पहल गर्ने ।

(ख)　फोहरमैला व्यवस्थापन कार्यको अनुगमन र मूल्यांकन गर्ने ।

(ग)　फोहरमैला व्यवस्थापन कार्यको दिगो र प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायमा समन्वय गर्ने ।

(घ)　फोहरमैला व्यवस्थापन कार्यको लागि आवश्यक स्रोत साधनको खोजी गर्ने ।

(ङ)　फोहरमैला व्यवस्थापन क्षेत्रका लागि सम्भावित वैकल्पिक स्थानको खोजी गर्ने ।

(च)　फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्र, नागरिक समाज, समुदाय, गैर सरकारी संघ संस्थासँग सहकार्य र साझेदारी गर्न सम्भावनाहरुको खोजी गर्ने ।

**११.　समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार :**

अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ ।

क)　बैठकको अध्यक्षता गर्ने ।

ख)　बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।

ग)　बैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने ।

घ)　समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने ।

ङ)　केन्द्रका लागि वित्तिय तथा भौतिक स्रोत जुटाउने र परिचालन गर्ने ।

च)　केन्द्रका निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने।

छ)　केन्द्रका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

ज)　केन्द्रका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने ।

झ)　केन्द्रको योजना तर्जुमा तथा स्वीकृत गर्न गराउन आवश्यक कारवाही गर्ने गराउने ।

ञ)　केन्द्रका कामको अनुगमन मूल्यांकन गर्ने गराउने ।

**१२.　सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)　अध्यक्षको आदेशानुसार बैठक बोलाउने । अध्यक्षसँगको सल्लाहमा छलफलको बिषयवस्तुहरु तयार गरी निर्णयार्थ बैठकमा पेश गर्ने ।

ख)　बैठकको निर्णय लेख्ने, केन्द्रका सबै कागजात जिम्मा लिने ।

ग)　केन्द्रसँग सम्बन्धित सूचनाहरु, तथ्यांक तथा अभिलेख अद्यावधिक गर्ने ।

घ)　केन्द्रका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने ।

ङ)　केन्द्रको कार्यक्रम तर्जुमा, स्वीकृति र कार्यान्वयनका लागि आवश्यक कारवाही गर्ने ।

च)　कार्यक्रमहरुको अनुगमन गर्ने गराउने ।

छ)　केन्द्रको चल अचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३.　सदस्यको काम, कर्तव्य र अधिकार :**

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क)　बैठकमा उपस्थित भई छलफलमा सक्रियतापूर्वक भाग लिने।

ख)　अध्यक्षको काममा सहयोग पुर्याउने ।

ग)　तोकिएको जिम्मेवारीलाई पुरा गर्ने ।

घ)　बैठकमा निर्णयमा पुग्न मतदान गर्नुपर्ने भए मतदान गर्ने ।

ङ)　फोहरमैला व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पुर्याउने ।

च)　व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद - ३

## फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता

**१४.　अनुमति सम्बन्धी व्यवस्था**

१.　बेदकोट नगरपालिकाको अनुमती नलिई कसैले पनि सो क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन पाउने छैन ।

२.　फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई

बेदकोट नगरपालिका

अनुमतीको लागि सम्बन्धित नगरपालिकामा निवेदन दिनुपर्ने छ ।

क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

ग) तोकिए बमोजिमको अन्य विवरण,

३. यसरी पर्न आएको निवेदन उपर सम्बन्धित स्थानीय निकायले आवश्यक जाँचबुझ गरी अनुमतीपत्र दिन सक्नेछ ।

४. फोहरमैलाको व्यवस्थापन, पुनःचक्रिय प्रयोग प्रशोधन र विर्सजनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृती लिई बेदकोट नगरपालिकाले अनुमतीपत्र दिन सक्नेछ ।

५. अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था कानूनमा तोकिए बमोजिम हुनेछ ।

**१५. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनको काम गराउन सकिने :**

नगरपालिकाले आवश्यकता अनुसार अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ । फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायका कुनै काम गराउन सकिनेछ ।

क) फोहरमैला न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

ख) फोहरमैला संकलन,

ग) फोहरमैला ढुवानी,

घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनःचक्रीय प्रयोग वा प्रशोधन,

ङ) फोहरमैला विसर्जन,

च) बन्द पश्चात् व्यवस्थापन

**१६. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने :**

१. नगरपालिकाले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ । यसरी फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,

ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

ग) आर्थिक तथा प्राविधिक क्षमता,

घ) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण,

ङ) व्यवस्थापन करार गर्ने भए प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मन्जुर गरिएको रोयल्टी,

२. बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३. फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी संस्था वा निकायले नगरपालिकासँग गरेको सम्झौता अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

**१७. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने :**

१. निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल प्रशोधन वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधिनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि बेदकोट नगरपालिकाले दिन सक्नेछ ।

बेदकोट नगरपालिका

२. यसरी निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन बेदकोट नगरपालिकाले गर्नेछ ।

३. अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृती बेदकोट नगरपालिकाले रद्ध गर्न सक्नेछ ।

**१८. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिने :**

१. बेदकोट नगरपालिकाले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र सामुदायिक एवं गैर सरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

२. बेदकोट नगरपालिकाले सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिबृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सक्नेछ ।

## परिच्छेद - ४
## आर्थिक व्यवस्थापन

**१९. कोषको स्थापना**

क) बेदकोट नगरपालिकाको फोहरमैला व्यवस्थापन सम्बन्धी काम नगरपालिकामा रहेको वातावरण व्यवस्थापन विशेष कोषबाट कार्य संचालन गरिनेछ ।

ख) फोहरमैला व्यवस्थापनको कार्यका लागि भनी हरेक नगरपरिषद्बाट आवश्यक रकम वातावरणीय व्यवस्थापन विशेष कोषमा विनियोजन गरिनेछ ।

ग) कोषमा नगरपालिकाले फोहरमैला व्यवस्थापन कार्यका लागि परिषद्बाट विनियोजन गरेको रकम, सरसफाई शुल्क वापत नगरवासीबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त हुने रकम, साझेदार संस्थाहरुबाट सो कार्यका लागि राखिने रकम तथा अन्य रुपमा कोषमा प्राप्त हुने रकम रहनेछ ।

घ) नगर क्षेत्रमा उतपादन हुने फोहरमैलाको व्यवस्थापन र जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमका लागि उक्त रकम खर्च गरिनेछ ।

ङ) वातावरणीय व्यवस्थापन विशेष कोषको रकम कुनै बैंकमा एउटा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

च) वातावरण व्यवस्थापन विशेष कोषका खाता संचालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

छ) कोषको लेखापरीक्षण नगरपालिकाको लेखा परीक्षण गर्ने व्यवस्था अनुसार हुनेछ ।

ज) कोषको आर्थिक व्यवस्था यस निर्देशिकामा तोकिएको कुरामा यसै निर्देशिका बमोजिम र अन्य कुराको हकमा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लगायत प्रचलित कानून बमोजिम हुनेछ ।

**२०. अन्य क्षेत्रमा खर्च गर्न नमिल्ने :**

कोषमा फोहरमैला व्यवस्थापनका लागि विनियोजन भएको रकम सोही प्रयोजन बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

**२१. बैठक भत्ता :**

व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरुले नगरपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन ।

**२२. नगर योजनामा समावेश गर्ने :**

फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु नगरपालिकाको आवधिक तथा बार्षिक योजनाहरु नगर विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२३. जाँचपास तथा फरफारक :**

बेदकोट नगरपालिका

कोषबाट सञ्चालन गरिएका फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरुको जाँचपास फरफारक व्यवस्थापन समितिको बैठकबाट गरिने छ ।

## परिच्छेद - ५
## फोहरमैला व्यवस्थापन

**२४. फोहरमैलाको उत्पादक कम गर्ने :**

१. कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशाक्य कम गर्न पर्नेछ ।

२. आफ्नो क्षेत्रभित्र बिसर्जन हुन सक्ने फोहरमैलाको बिसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टीकरण : "आफ्नो क्षेत्र" भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

**२५. फोहरमैलाको संकलन सम्बन्धी सूचना सार्वजनिक गर्नुपर्ने :**

क) नगरपालिकाले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

ख) नगरपालिकाले प्रशोधन स्थलमा लैजानु पने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव र त्यसको न्यूनीकरणका उपायहरु समेतलाई ध्यान दिनु पर्नेछ ।

**२६. फोहरमैला उत्पादन तथा निष्काशन सम्बन्धी :**

क) प्रत्येक घर, पसल, व्यवसायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय, धार्मिक स्थल, सार्वजनिक स्थल तथा परिसर आदिबाट उत्पादन हुने घरेलु तथा नगरजन्य फोहरलाई निष्काशन पूर्व जैविक (Organic) र अजैविक (Inorganic) गरी छुट्याउने र अलग भाडोमा राख्न लगाउने व्यवस्थालाई अनिवार्य गरी कार्यान्वयन गर्नेछ । यसरी नगरपालिकाले तोकिदिए बमोजिम फोहरमैलालाई स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

ख) यसरी अलग अलग राखिएका फोहरहरुलाई बेदकोट नपाले तोकेको दिन, समय र स्थानमा मात्र निष्काशन गर्नुपर्नेछ । दिन, समय र स्थान तोकेको सूचना बेदकोट नगरपालिकाले नियमित रुपमा संचार माध्यमहरु मार्फत जानकारी गराउनेछ। साथै सम्बन्धित वडा कार्यालयबाट पनि यस सम्बन्धी जानकारी प्राप्त गर्न सकिनेछ ।

ग) घरेलु फोहर उत्पादनमा कमी ल्याउन वडा कार्यालयको संयोजनमा स्थानीय टोल विकास संस्था, वडा नागरिक मञ्च तथा सबै सरोकारवालाको सहभागितामा जनस्तरमा नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

घ) बेदकोट नपा क्षेत्रभित्र संचालनमा रहेका प्रत्येक घर, संस्था, व्यापारिक एवं व्यवसायिक प्रतिष्ठान तथा पसलबाट निस्कने फोहर सडकमा फाल्न वा निष्कासन गर्न प्रतिबन्ध लगाइएको छ । त्यस्तो फोहरको व्यवस्थापनका लागि फोहर निष्कासन कर्ताले छुट्टै फोहर राख्ने भाँडोको बन्दोबस्त गरी सोही भाँडोमा फोहर राख्ने र यसै निर्देशिकामा उल्लेख भए बमोजिम मात्र फोहर निष्काशन गर्नु पर्नेछ ।

ङ) फोहरमैलालाई हानिकारक, रसायनिक र विशेष फोहरमा वर्गीकरण गरी त्यसलाई नमिसाई विसर्जन गरिनेछ ।

च) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ । यस्तो फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**२७. फोहरमैला निष्कासन, संकलन तथा विसर्जन सम्बन्धी व्यवस्था :**

क)	फोहर संकलन कार्यका लागि प्रयोग हुने सवारी साधनहरुले बेदकोट नगरपालिकाले तोकेका स्थानहरु वा तोकिएका संकलन केन्द्रमा तोकिएको समयमा मात्र फोहर निष्काशन गर्नु पर्नेछ ।

ख)	बेदकोट नगरपालिकाले उल्लेखित समय सीमा भित्र कुनै निश्चित स्थानका लागि निश्चित समय तोकी फोहर संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ । यसरी निश्चित समय तोकिएकोमा सोही बमोजिम गर्नु गराउनु पर्नेछ ।

ग)	फोहोर संकलन गर्ने सवारी साधनद्धारा ढोका ढोकामा फोहर संकलन गर्दा सशुल्क सेवाग्राहीको हकमा तोकिएको समय सीमाको २ मिनेट सम्म तोकिएको स्थानमा पर्खन सक्नेछ । फोहर संकलनका लागि रिक्सा वा सवारी साधन आउँदा साइरन वा घण्टी बजाईनेछ र साइरन वा घण्टी बजेको सुन्नासाथ गाडी वा रिक्सामा फोहर फाल्नुपर्नेछ । त्यस्तो रिक्सा वा सवारी साधन कुनै एक स्थानमा बढीमा २ मिनेट सम्म मात्र रोकिनेछ ।

घ)	अस्पताल, उद्योग वा अन्यत्र कतैबाट पनि उत्पादन हुने हानिकारक फोहरलाई अन्य फोहर संकलन केन्द्र वा फोहर संकलनमा प्रयोग हुने सवारी साधन वा रिक्सामा फाल्न पाईने छैन । त्यस्ता फोहरमैलाको व्यवस्थापन सम्बन्धित निकाय आफैले गर्नु पर्नेछ ।

ङ)	घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षालय, कार्यालय परिसर आदिबाट निस्कने जैविक फोहरलाई सकेसम्म आफैले कुनै विधि अवलम्बन गरी वा नजिकको सामुदायिक कम्पोष्टिङ्ग केन्द्र (Community composting Center) मा लागि कम्पोष्टिङ्ग गर्नु पर्दछ र अजैविक फोहर मध्ये पुनः प्रयोग हुने वा चक्रिय प्रयोग हुने फोहरलाई छुट्याई नजिकको Community Recycle Center (CRC) वा त्यस्ता फोहर खरिद गर्ने केन्द्रमा लगी बेच्ने र बाँकी रहन गएको फोहरमात्र निष्काशन गर्ने गर्नुपर्दछ ।

**२८. निजी कम्पनी/गैरसरकारी संघ संस्था/सामुदायिक संस्थाले पालना गर्नुपर्ने कर्तव्य र दायित्व**

क)	माथि उल्लिखित निर्देशनको पूर्ण पालना गर्नु गराउनु बेदकोट नगरपालिका क्षेत्रमा पर्ने घर, पसल, व्यवसायिक प्रतिष्ठान, सार्वजनिक प्रतिष्ठान, शिक्षालय, कार्यालय, धार्मिक स्थल, सार्वजनिक स्थल तथा परिसर आदिको कर्तव्य हुनेछ ।

ख)	फोहर व्यवस्थापन सम्बन्धि कामका सम्बन्धमा सबै निजी कम्पनी, गैरसरकारी संघ संस्था तथा सामुदायिक संस्थाको जवाफदेहिता बेदकोट नगरपालिका प्रति रहनेछ ।

ग)	बेदकोट नगरपालिकाले तोकेको फोहर संकलन तथा निष्काशन सम्बन्धी समयपालना र अन्य निर्देशनहरुको पालना सम्वधित सवैले गर्नुपर्ने छ ।

घ)	बेदकोट नपालाई शुल्क तिरी कुनै सेवा लिने निजी कम्पनी वा सामुदायिक वा गैर सरकारी संघ संस्थाले समयमै नियमानुसार तिर्नु बुझाउनु पर्नेछसो प्रावधान विपरीत कसैले समयमा शुल्क तिर्ने बुझाउने काम नगरेमा त्यस्तो संस्था वा व्यक्तिलाई दिइएको सेवा तत्काल बन्द गरी निजसँग लिन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

ङ)	रिक्सा वा गाडीबाट फोहर संकलन गर्ने निजी फर्म, कम्पनी, गैरसरकारी सामुदायिक संघसंस्था आदिले बेदकोट नगरपालिकाको स्वीकृती बिना सोझै नगरपालिकाले तोकेको संकलन केन्द्रमा फोहर फाल्न पाउने छैनन् ।

च)	कसैले पनि तोकेको साधन र समयमा बाहेक अघि पछि फोहर निष्कासन गरेमा, छरपस्ट बनाएमा, नउठाएमा, छर्दै लगेमा, फोहर बोक्ने सवारी साधनलाई नढाकी खुला रुपमा गुडाएमा, फोहर व्यवस्थापन गर्ने कर्मचारी वा संस्था वा व्यक्ति वा नागरिकलाई कुनै प्रतिकुल अवरोध गरेमा तत्काल कारवाही गरिनेछ ।

छ)	निजी क्षेत्रबाट हुने फोहर व्यवस्थापन कार्यको नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ ।

बेदकोट नगरपालिका

ज)  नगरपालिकाले फोहर व्यवस्थापनका लागि आवश्यकता अनुसार विभिन्न क्षेत्र निर्धारण गरी छुट्टाछुट्टै फोहर संकलन केन्द्र तोक्न सक्नेछ ।

झ)  फोहरमैला व्यवस्थापनको क्षेत्रमा न.पा.को पूर्व स्वीकृति, सम्झौता तथा अनुमती बेगर अन्य कुनै पनि व्यक्ति वा संस्थाले कार्य गर्न गराउन पाउनेछैन ।

**२९. कसुर :**

यस निर्देशिका विपरित जथाभावि फोहर फाल्ने, मिसाउने तथा फोहर संकलन कार्यमा अवरोध पुर्‍याउने गरेमा यस निर्देशिकाको प्रयोजनका लागि कसुर गरेको मानिनेछ ।

**३०. दण्ड सजाय सम्बन्धी :**

क)  फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ तथा यस निर्देशिकामा उल्लेख गरे बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले देहाय बमोजिमको दण्ड सजाय गर्नेछ ।

१.  नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्कासन गर्नेलाई पहिलो पटक भए रु.५०००। सम्मको जरिवाना, दोस्रो चोटी गर्नेलाई रु.५०००। देखि रु.१०००० सम्मको जरिवाना र सो भन्दा बढी गरेमा पटकै पिच्छे रु.१५००० जरिवाना ।

बेदकोट नगरपालिका

बेदकोट नगरपालिका

२. कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्नेलाई पटकैपिच्छे रु.५००। देखि रु.५००० सम्मको जरिवाना गर्न सक्नेछ ।

३. श्रोतमै फोहरमैलाको पृथकीकरण नगरी ऐनको दफा ६ को विपरित फोहरमैला मिसाएर निष्कासन गर्नेलाई प्रत्येक पटक रु.५००। सम्म जरिवाना ।

४. सडक पेटी नालामाथि व्यवसाय (रेष्टुरेन्ट, माछा, मासु, सब्जी पसल, चटपटे, घुपचुप, वर्कसप आदि) सञ्चालन गर्नेलाई पटकैपिछे रु.१०००। देखि रु.५०००। सम्मको जरिवाना एवं निश्चित समय भित्र सो बन्द गर्न आदेश दिन सक्ने ।

५. ठोस फोहर तथा शौचालयजन्य फोहर(दिशा, पिसाब, भान्साघरको फोहर आदि) सडक नाला, ढलमा मिसाउने कार्य गर्नेलाई पटकैपिच्छे रु.१०००। देखि रु.५०००। सम्मको जरिवाना एवं निश्चित समय भित्र सो बन्द गर्न आदेश दिन सक्ने ।

६. हानिकारक फोहर फालीराख्ने भनी तोकिएको स्थान बाहेक फोहरमैला संकलन केन्द्र,कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई पटकैपिछे रु.५०००। देखि रु.१५००० सम्मको जरिवाना र त्यसको कसुरबाट कुनै क्षति भई सकेको रहेछ भने सो बराबरको क्षतिपूर्ति समेत भराउन सक्ने ।

७. मरेका वा मरेका पशुपंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि फोहरलाई तोकेको स्थान बाहेकमा राखेमा पटकैपिछे रु.५०००। देखि रु.१५००० सम्मको जरिवाना ।

८. घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने गरेमा, फोहरबाट निस्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर जग्गा प्रदुषित गराउनेलाई पटकैपिछे रु.५००० देखि रु.१५००० सम्मको जरिवाना ।

९. सडक, पेटी, नाला इत्यादीमा निर्माणजन्य सामग्री थुपारी बाटो, पेटी अवरुद्ध गरेमा पटकैपिछे रु.५०००। देखि रु.१०००० सम्म जरिवाना गरी चौबिस घण्टा भित्र सो सामग्री हटाउने आदेश दिनसक्ने ।

१०. फोहरमैला संकलन केन्द्रमा राखिएको कन्टेनर तोडफोड गर्ने, पुर्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुर्याउनेलाई रु.१५००० देखि ५०००० सम्मको जरिवाना ।

११. यस ऐन बमोजिम अनुमती नलिई सरसफाईको कार्यलाई पटकैपिछे रु.१५००० देखि रु.५०००० सम्मको जरिवाना ।

१२. यस ऐन बमोजिम सरसफाईको लागि गरिएको अनुमति पत्रमा उल्लिखित सर्तहरु उल्लंघन गर्नेलाई रु.१५००० देखि ५०००० सम्मको जरिवाना ।

१३. नगरपालिकाले तोकिएको ठाउँ बाहेक जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानीकारक, राख्ने,फाल्ने, थुपार्ने वा निष्कान गर्नेलाई रु.३०००० देखि ५०००० सम्म जरिवाना ।

१४.रसायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउनेलाई रु.५०,०००। देखि रु.१,००,०००। सम्मको जरिवाना, सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

१५. औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने वा गराउनेलाई रु.५०,०००। देखि रु.१,००,०००। सम्मको जरिवाना सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

१६. ऐनको दफा ४४ विपरित रसायनिक बिषादीको आयात गर्ने वा म्याद नाघेको औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगर्नेलाई रु.५०,०००। देखि १,००,०००। सम्मको जरिवाना ।

१७. सोही कसुर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमती रद्ध गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने ।

ख)फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३९ बमोजिम प्रमुख जिल्ला अधिकारीले निम्न बमोजिम कसुरमा निम्न बमोजिम सजाय गर्न सक्नेछ ।

१. फोहरमैला संकलन ढुवानी तथा सरसफाईमा बाधा अवरोध श्रृजना गर्नेलाई रु.१०,०००। देखि रु.५०,०००। सम्मको जरिवाना वा १५ दिन देखि ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।

२. फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्कासन स्थलमा अवरोध बन्द, घेराउ गर्ने वा सरसफाई सम्बन्धित कार्यमा हडताल गर्नेलाई रु.१०,०००। देखि रु.५०,०००। सम्मको जरिवाना वा १५ दिन देखि ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।

३. फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा विक्री वितरण गर्नेलाई रु.५००० देखि रु.१०००० सम्मको जरिवाना वा ३ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने ।

ग) स्थानीय स्वायत्त शासन ऐनको दफा १६५(१) (ग) तथा (च) बमोजिम नगरपालिकाले देहाय बमोजिम कसुरमा देहाय बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

१. नगरपालिका क्षेत्रभित्र निर्दिष्ट स्थानमा फोहरमैला नफाली जताततै फालेमा त्यस्तो फोहरमैला हटाउन लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गरी पन्ध्र हजार जरिवाना गर्न सक्नेछ ।

२. कसैले आफ्नो घर, छिमेकीको घर, आँगन, चोकमा फोहरमैला फालेमा वा वातावरण दुर्गन्धित हुने कार्य गरेमा नगरपालिकाले पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो हानी नोक्सानीको बिगो सम्बन्धित व्यक्ति सित असुल उपर गर्न वा साबिक अवस्थामा तयार गर्न लगाउन सक्नेछ ।

## परिच्छेद - ६विविध

**३१. चिकित्सा क्षेत्रको फोहरमैला व्यवस्थापन :**

नगरपालिकाबाट तोकिएको अधिकृत वा अनुगमनकर्ता वा समितिले चिकित्सा क्षेत्रसँग सम्बन्धित संस्थाले IEE र EIA को वातावरणीय प्रकृया पुरा गरेको नगरेको सम्बन्धमा जाँचबुझ र निरीक्षण गर्नेछ ।

**३२. विशेष कार्यदल गठन गर्न सक्ने :**

नगरपालिकाले फोहरमैला व्यवस्थापन अनुगमनको कार्य एवं यस सम्बन्धमा भएका आदेश बमोजिम दण्ड सजाय कार्यान्वयन गर्न विशेष कार्यदल गठन गर्न सक्नेछ ।

**३३. ग्राहक कार्ड लागू गर्ने :**

क)नगर क्षेत्रका व्यवसायीहरुले व्यवसाय नविकरण गर्न आउँदा नविकरण गराउनु पूर्व एवं नयाँ पसल व्यवसाय दर्ता गर्दाकै समयमा नगरपालिका वा फोहर उठाउने जिम्मेवारी पाएको व्यक्ति, फर्म वा संस्थाबाट ग्राहक कार्ड अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

ख)यस्तो ग्राहक कार्ड लिएको नलिएको वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाबाट जाँचबुझ गरी त्यस्तो ग्राहक कार्ड लिएको प्रमाणित गरिदिए पश्चात मात्र व्यवसाय नविकरण गरिनेछ ।

ग)नगरपालिकाबाट प्रदान गर्ने अवस्थामा यस्तो कार्ड वातावरण तथा फोहरमैला व्यवस्थापन शाखाले उपलब्ध गराउनेछ ।

**३४. माथि विभिन्न खण्डमा उल्लेखित कसुर गर्ने व्यक्तिलाई तोकिएको दण्ड सजाय जरिवाना र कैद भुक्तान नगर्ने व्यक्ति, संस्थालाई देहाय बमोजिम कारवाही गर्न गराउन सकिनेछ ।**

क) दण्ड विभिन्न र सजाय तोक्नु अघि सामान्य कसुरमा पहिलो पटक चेतावनी वा सचेत गराउन सकिने ।

ख) बेदकोट नगरपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामको घर जग्गा बिक्री रोक्का गर्नको लागि नगरपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिनु पर्नेछ । यसरी लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ यस्तो सेवा रोक्ने वा बन्द गर्न सकिनेछ ।

ग) सेवा प्रदायक निजी कम्पनी, फर्म, गैरसरकारी/सामुदायिक संस्था भएमा सेवा बन्देज गर्ने र त्यस्ता संस्थालाई कालो सूचीमा राख्न सकिने छ ।

**३५. निर्देशिकाको संशोधन :**

यस निर्देशिकालाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा नगरपरिषदबाट स्वीकृत गरी संशोधन गर्न सकिनेछ ।

बेदकोट नगरपालिका

**३६. बचाउ र खारेजी :**

क) यस निर्देशिकामा कुनै संशोधन भएमा सो संशोधन भन्दा अघि निर्देशिका बमोजिम भएका कार्यमा कुनै असर पर्नेछैन ।

ख) यो निर्देशिकाका कुनै व्यवस्था प्रचलित कानूनको व्यवस्थासँग बाँझिन गएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले
भुपाल सिंह कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत

बेदकोट नगरपालिका